दर्ता नं. ९०/०६१/६२ "संघको लागि संस्था, संस्थाको लागि संघ" पान नं ३०१८९२६२३

# भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.

Bhaktapur District Saving & Credit Co-operative Union Ltd.

कटुञ्जे-८, सुर्यविनायक, भक्तपुर

चलानी नं. ८०/०७१/७२ मितिः २०७१/०७/१८

श्रीमान् अध्यक्षज्यू
...........................बचत तथा ऋण सहकारी संस्था लि.
......................, भक्तपुर

विषय : साधारण सभामा उपस्थित हुने बारे ।

प्रस्तुत विषयममा यस संघको संचालक समितिको मिति २०७१ कार्त्तिक ५ गते बसेको बैठकको निर्णय ४ अनुसार दशौं बार्षिक साधारण सभा देहायका विषयहरूमा छलफल तथा निर्णय गर्न निम्न मिति, समय र स्थानमा हुने सहर्ष जानकारी गराउँदछु । सो सभामा त्यस संस्थाबाट एकजना प्रतिनिधिको उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु । त्यस संस्थाको आधिकारिक प्रतिनिधिको विवरण २०७१ मंसिर ७ गते भित्र पठाइदिनुहुन समेत अनुरोध गर्दछु ।

छलफलका विषयहरू :–

१) आ.व. २०७०/०७१ को वार्षिक प्रगति प्रतिवेदन र आ.व. २०७१/०७२ को प्रस्तावित कार्यक्रमहरू,
२) आ.व. २०७०/०७१ को आर्थिक प्रगति प्रतिवेदन र आ.व.२०७१/०७२ को अनुमानित बजेट,
३) आ.व.२०७०/०७१ को लेखा सुपरिवेक्षण प्रतिवेदन,
४) आ.व.२०७०/०७१ को लेखा परीक्षण प्रतिवेदन,
५) आ.व.२०७१/०७२ को लेखापरिक्षक नियुक्ति र निजको पारिश्रमिक तोक्ने,
६) लाभांष प्रस्ताव
७) संचालक र लेखा समितिको निर्वाचन
८) विविध

कार्यक्रमः–
मिति : २०७१ मंसिर १३ गते, शनिवार
समय : विहान १०:०० बजे
स्थान : स्टार बैंक्वेट, कमलविनायक, भक्तपुर

नोटः

१) त्यस संस्थाको आ.ब. २०७१/०७२ सम्मको संघको सदस्यता शुल्क तथा २०७१ कार्त्तिक मसान्तसम्मको नियमित बचत २०७१ मंसिर ७ गतेभित्र बुझाउनुहुन अनुरोध छ । उक्त साधारण सभामा उपस्थितीको लागि नियमित बचत र सदस्यता शुल्क अनिवार्य रूपमा बुझाइसक्नुपर्ने छ ।

.................
हरि बल्ल
(सचिव)

Suryabinayak, Katunje VDC-8, Bhaktapur
Phone: 6226734/5092556, Email: bktsaccu@gmail.com, website: www.bhaktapurdcu.coop.np

खाली

# अध्यक्षको मन्तव्य



राधेश्याम सुवाल
अध्यक्ष

भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघको तेस्रो कार्यकालका लागि निर्वाचित गरी सहकारी अभियानलाई अगाडि बढाउन तथा संघलाई सबल र सक्षम बनाई सदस्य संस्थाहरूको स्थायित्वमा योगदान पुऱ्याउन आजभन्दा तीन वर्ष अगाडि मत प्रदान गरी सहयोग गर्नु भएको थियो । सर्वप्रथम सदस्य संस्थाका प्रतिनिधि एवम् सहकारीकर्मीहरूमा हार्दिक धन्यवाद एवम् आभार व्यक्त गर्न चाहन्छु ।

तीनवर्षको कार्यकालमा संघले सदस्य संस्थालाई व्यवस्थापन र संचालनको लागि आवश्यक तालिम दिई दक्ष बनाई क्षमता विकास गर्न महत्वपूर्ण भूमिका निभाएको छ । साथै बचत तथा ऋण संस्थाहरूको अभिभावक जिल्ला बचत संघ भएकोले सदस्य संस्थाहरूलाई वित्तीय सेवा, ऋण परिचालन तथा तरलता व्यवस्थापन गर्न सहयोग पुऱ्याउने उद्देश्यले काउन्टर सेवालाई व्यवस्थित गरेको छ ।

संघको स्थापनाको मूलभूत उद्देश्य, सदस्य संस्थाहरूको क्षमता विकास गरी सवल सक्षम वित्तीय सेवा अभिबृद्धिका लागि आवश्यक वित्तीय सेवा प्रदान गर्दै आइरहेको छ । गैर समुदायमा आधारित बचत तथा ऋण सहकारी संस्थाहरूलाई विस्थापित गर्न र क्षेत्रिय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहकारी संघ/संस्थाहरूसँग सहकार्य गरी सहकारी अभियानमा सहयोग पुऱ्याउन समन्वयको भूमिका खेल्ने लक्ष्य राखेको छ । उल्लेखित उद्देश्य परिपूर्तिका लागि सदस्य संस्थासँग सहकार्य गरी संघ अगाडि बढेको छ जसको लागि सम्पूर्ण सदस्य संस्था तथा सहकारीकर्मीहरूप्रति आभार व्यक्त गर्न चाहन्छु ।

देशमा तीस हजार भन्दा बढी सहकारी संस्थाहरूमा विभिन्न विषयगत संस्थाहरू रहेका छन्, जसमध्ये आधाभन्दा बढी बचत तथा ऋण कारोवार गर्ने सहकारी संस्थाहरू लगायत विभिन्न विषयगत सहकारी संस्थाहरू व्यवस्थित गर्न ३१० वटा जिल्ला स्तरीय संघ र १७ वटा केन्द्रिय संघले सहयोग पुऱ्याई रहेको छ । प्रारम्भिक संस्था, जिल्ला संघ, केन्द्रिय संघ र राष्ट्रिय संघ गरी छाता संघको रूपमा अगाडि बढेको सहकारी संस्थाहरू मध्ये बचत तथा ऋणको महत्वपूर्ण भूमिका रहेको छ । जसको प्रभावकारी संचालन र व्यवस्थापन पनि भएको छ । अहिले जुन ढंगले प्रारम्भिक सहकारी संस्थाहरूको विकास भई संचालन भएको छ त्यसमा महत्वपूर्ण योगदान विषयगत जिल्ला संघ र

केन्द्रिय संघको योगदान रहेको छ । नेपाल जस्तो भौगोलिक भूबनोट रहेको देशमा तीन तहको संरचनाको विकल्प छैन । तर प्रस्तावित बचत तथा ऋण सहकारी ऐन नीतिमा विदेशीको देखासिकी गरी बचत तथा ऋण सहकारी संस्थाहरूको विकास र विस्तार गर्ने नाममा जिल्ला संघलाई हटाई केन्द्र निर्देशित जिल्ला स्तरीय समिति मार्फत प्रारम्भिक सहकारी संस्थाहरूलाई केन्द्रमुखी बनाउन खोज्नु प्रजातान्त्रिक मान्यता विपरित हुन्छ ।

अहिले देखिएको नीतिगत समस्या र कमजोरीको कारण सहकारी अभियान सही दिशा तर्फ नगई अन्यौलतामा गुज्रिरहेको छ । नीति नियम तर्जुमा गर्ने सम्बन्धित निकायहरूलाई असहज परिस्थिति निर्माण भएको छ । अतः सहकारीमा कर छुट लगायत विभिन्न माग राखी अगाडि बढेको अभियानले सार्थकता नपाउनु नेतृत्वकारी सहकारीकर्मीहरूको दृष्टिकोणमा देखिएको कमजोरीले सवै अभियन्ताहरूले मनन गरी आफैंबाट सुधार गर्नु अति आवश्यक भएको छ ।

# सहकारीलाई व्यावसायिकतातर्फ लानुपर्ने



बालकृष्ण धोजू
व्यवस्थापक

सहकारी स्वनियममा संचालित संस्था हो । स्वनियम सदस्य हित, कानुन सम्मत र वातावरण सुहाउँदो हुनुपर्दछ । बचत तथा ऋण सहकारी संस्था आर्थिक कारोवार गर्ने सहकारी भएकोले यस्ता सहकारीले वित्तीय अनुशासनमा रहि काम गर्नुपर्छ । यी सम्पूर्ण कुराहरूको पूर्णता भनेको सफल सहकारी संचालन हो । सफल सहकारी संचालनको लागि सफल व्यवस्थापनको आवश्यकता पर्दछ । नेपालको सहकारी अभियानमा सहकारीहरूको संख्यात्मक रूपमा बृद्धि भएको पाइन्छ तर गुणात्मक बृद्धि व्यवस्थापकीय समस्याहरूले हुन सकेको छैन ।

सहकारी विकासका पक्षहरूमध्ये व्यवस्थापकीय पक्ष महत्वपूर्ण पक्ष हो । यस पक्षको बृद्धि विकासको लागि व्यवसायिक पेशागत विकासमा सहकारीकर्मीहरूले ध्यान पुऱ्याउनुपर्ने देखिन्छ । सहकारीको दिर्घकालिन विकासको लागि सहकारी एउटा रोजगारीको राम्रो स्थानको रूपमा प्रतिस्थापित हुन सक्छ । यस सम्भावनालाई जीवित राख्ने हो भने संचालकहरूले सहकारीलाई व्यवसायिक संस्थाको रूपमा हेर्नु आवश्यक छ ।

# प्रगति प्रतिवेदन तथा प्रस्तावित कार्यक्रमहरू



हरि बल्ल
सचिव

सभाध्यक्ष महोदय,

प्रमुख अतिथि, अतिथि, साधारण सभामा पाल्नुभएका प्रतिनिधि तथा पर्यवेक्षक मित्रहरू, पत्रकार बन्धुहरू तथा शुभेच्छुक महानुभावहरू ।

भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघको तर्फबाट सचिवको हैसियतले आ.व. २०७०।७१ को वार्षिक प्रगति प्रतिवेदन तथा चालु आ.व. २०७१।७२ को प्रस्तावित कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई खुशीको अनुभूति भईरहेको छ । संघको स्थापना भएको दशौं वर्ष पुरा भइसकेको छ । स्थापनाकालदेखि नै आवद्ध संस्थाहरूको संस्थागत विकासका साथ वित्तीय एवम् प्राविधिक सहयोग पुर्‍याई रहेको सबैमा विदितैछ । समुदायमा आधारित सहकारी संस्थाहरूको आवद्धता बृद्धि गरी सहकारी अभियानलाई स्वच्छ, सशक्त एवम् दरिलो बनाउन संघको प्रयास निरन्तर रहि रहेको छ ।

देशको भौगोलिक संरचना, प्राविधिक क्षमता र भौतिक पूर्वाधारका आधारमा विद्यमान तीन तहको संरचना उपयुक्त रहेको ठहर गर्दै आएको छ । देशका कुना काप्चासम्म केन्द्रीय पहुँच पुर्‍याई सहकारी संघ संस्थाहरूको गुणात्मक बृद्धि गर्न र सहकारी अभियानलाई सफल बनाउन सहकारी ऐनमा तीन तहकै संरचना हुनुपर्ने संघको माग रहि आएको छ ।

सहकारी अभियानले देशका हरेक तह र बर्गका जनताहरूको आर्थिक, सामाजिक र साँस्कृतीक अवस्थामा सकारात्मक परिवर्तन ल्याउन सफल भएको तथ्य सर्वविदितै छ । सहकारी लोकप्रियता दिन प्रतिदिन बृद्धि भइरहेको छ तर कमजोर सहकारी नीति नियमका साथ नियमन निकायको अनुगमनमा भएको कमि कमजोरीको फाइदा उठाउँदै केही स्वार्थी व्यक्तिहरूले सहकारी मूल्य मान्यता विपरित सहकारीलाई नीजि स्वार्थको लागि प्रयोग गरीरहेको छ । सहकारी अभियानलाई सहकारी सिद्धान्त, मूल्य मान्यता अनुरूप चुस्त दुरूस्त बनाउनु आजको आवश्यकता हो । यही साझा उद्देश्य प्राप्तिको लागि हामी ऐक्यबद्ध यस छाता संगठनको सबलीकरणबाट मात्र सम्भव हुने भएकोले अभियानको विकासमा यहाँहरूको विश्वासिलो साथको अपेक्षा रहेको छ ।

सहकारी अभियानलाई शुद्धिकरण सहित अगाडि बढाउनु आजको तड्कारो आवश्यकता हो । समय सापेक्ष आम जनभावना अनुकूलको बचत तथा

ऋणको छुट्टै सहकारी ऐन आवश्यक छ । सहकारी अभियानलाई सहकारी मूल्य, मान्यता, सिद्धान्त र मर्म अनुसार अगाडि बढाउन, गैर समुदायमा आधारित सहकारी संस्थाहरू नियन्त्रण र समुदायमा आधारित सहकारी संस्थाहरूलाई प्रबर्द्धन गर्ने नीतिकासाथ अगाडि बढाउन व्यवस्थापनमा नयाँ सोचको आवश्यकता महशुस भएको छ । संघको मान्यता तथा मागप्रति सदा झैं सकारात्मक विचार एवम् सक्रिय सहभागिताको अपेक्षा राखेका छौं ।

भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघको आ.व. २०७०।७१ को वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्न अनुमति चाहन्छु ।

## १. साधारण सभाको समिक्षा

संघको नवौं वार्षिक साधारण सभा मिति २०७० मंसिर २९ गते थापा पार्टी प्यालेस, सुर्यविनायकमा नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.का अध्यक्ष मिनराज कडेंलको प्रमुख आतिथ्यतामा सम्पन्न भएको यहाँहरूलाई सर्वविदितै छ ।

## २. सदस्यता

समुदायमा आधारित बचत तथा ऋण सहकारी संस्थाहरूको साझा संगठनको रूपमा अगाडि बढीरहेको यस संघले ऐच्छिक तथा खुल्ला सिद्धान्तलाई अंगिकार गरी समुदायमा आधारित भई सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरूप संचालनको सुनिश्चिततालाई कायम राखीएका आवेदक संस्थाहरूको स्थलगत निरिक्षण पश्चात सदस्यता प्रदान गर्दै आईरहेको व्यहोरा जानकारी गराउँदछु । आ.व. २०६९।०७० मा १४२ वटा सदस्य रहेकोमा सदस्यता न २९ को अजिमा महिला बचत तथा ऋण सहकारी संस्था लि. खारेज भएको, यस आ.व. मा देहाय १६ वटा थप भई जम्मा १५७ वटा सदस्य संख्या पुगेको जानकारी गराउँदछु । हालसम्ममा १५९ वटा संस्थाले सदस्यता लिइसकेको जानकारी गरउदँछु ।

### सदस्यता (Membership)

| संस्थाको नाम | ठेगाना | सदस्यता प्रदान मिति |
|---|---|---|
| विनायक साकोस | कटुन्जे- ८ | २०७०।५।९ |
| छहारी साकोस | दधिकोट - ७ | २०७०।६।६ |
| प्रारम्भ साकोस | ग:पलि - ३ | २०७०।७।६ |
| सम्पदा साकोस | क्वाछें - ११ | २०७०।८।६ |
| अर्पण साकोस | जेंला - २ | २०७०।११।६ |
| स्वर्णिम साकोस | च्याम्हासिंह - १ | २०७०।११।९ |
| छिन्नमस्ता महिला साकोस | चाँगु - ५ | २०७०।११।२३ |
| आपसी मेलमिलाप साकोस | बालकोट - ४ | २०७१।१।८ |
| जय श्री कृष्ण साकोस | सानो ठिमि - १७ | २०७१।१।८ |
| कल्याण साकोस | तौलाछें - १ | २०७१।२।४ |
| लाय्कु लुंध्वाका साकोस | दुधपाटी - १७ | २०७१।३।५ |
| कार्यविनायक साकोस | शंखधरचोक - १३ | २०७१।३।९ |
| द्रव्य साकोस | बोडे- १ | २०७१।३।१९ |
| छालिङ्ग साकोस | छालिङ्ग - ६ | २०७१।३।२० |
| सुकुन्दा साकोस | जगाती - ५ | २०७१।३।२० |
| दक्षिणकाली महिला साकोस | लोकन्थली - १६ | २०७१।३।२३ |

## ३. वित्तीय प्रगति

संघको वित्तीय प्रगति सम्बन्धमा कोषाध्यक्षको आर्थिक प्रतिवेदनबाट यहाँहरूले विस्तृत जानकारी पाउनु हुनेछ । तसर्थ म संक्षेपमा मात्र वित्तीय प्रगतिबारे समिक्षा गर्न अनुमति चाहन्छु । २०६९।०७० असारसम्ममा कुल वासलात रकम रू.१४,६९,३३,४३०।९४ (१४ करोड ६९ लाख ३३ हजार ४ सय ३० रूपैंया ९४ पैसा मात्र) रहेकोमा आ.व. २०७०।०७१ असारसम्ममा रू. २२,५४,८६,६५८।५६ (२२ करोड ५४ लाख ८६ हजार ६ सय ५८ रूपैंया ५६ पैसा मात्र) पुऱ्याउन सफल भएको छ । कूल आम्दानी रू. १,६३,१२,५३६।६१ (१ करोड ६३ लाख १२ हजार ५ सय ३६ रूपैंया ६१ पैसा मात्र)

कूल खर्च रू.१,४४,२९,४८२।३१ (१ करोड ४४ लाख २९ हजार ४ सय ८२ रूपैया ३१ पैसा मात्र) खर्च भई कूल बचत रू. १८,८३,०५४।३० (१८ लाख ८३ हजार ५४ रूपैंया ३० पैंसा मात्र) रहेको छ ।

## ४. नीतिगत समायोजन

क) गत वर्ष संघले डिभिजन सहकारी कार्यालय भक्तपुरमा पेश गरिएको विनियम संशोधनको प्रस्ताव डिभिजन सहकारी कार्यालयले स्विकृती प्रदान गरेको छ ।

ख) २०६८ बैशाख २१ गते डिभिजन सहकारी कार्यालय भक्तपुरले विनियम शंशोधन अन्तर्गत दफा ३७ पदावधि अन्तर्गत उपदफा ३ मा एक प्रतिनिधि व्यक्ति वा संस्था संघको अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष पदमा लगातार २ पटक भन्दा बढी निर्वाचित हुन पाउने छैन स्विकृत भएको जानकारी गराउन चाहन्छु ।

ग) संघको ऋण लगानी बढाउन र थप प्रभावकारी बनाउन संघको ऋण नीति २०६८ मा तपसिल बमोजिम संशोधन गरेको छ ।

अ) धित्तो ऋण अर्न्तगत अधिकतम रू. ४०,००,०००। (चालिस लाख रूपैंया मात्र) ऋण सिमा रहेकोमा बढाएर अधिकतम ऋण सिमा रू.५०,००,०००। (पचास लाख रूपैंया मात्र) कायम गरेको छ) ।

आ) धित्तो ऋणमा लाइन अफ क्रेडिटको सुविधा थप गरिएको छ । सोमा प्रत्येक पटकको ऋण मागमा ऋण सुरक्षण शुल्क ०.५ प्रतिशत निर्धारण गरिएको छ ।

इ) संघमा सदस्य भएको ३ महिना पछि धित्तो जमानीमा ऋण प्रदान गर्ने र छ महिनापछि संस्थाको शेयर र जगेडाकोषको आधारमा विना धित्तो ऋण लगानी गर्ने नीति कायम गरेको छ ।

## ५. तालिम तथा कार्यक्रम

संघको प्रमुख सेवा तालिम तथा शिक्षा कार्यक्रम हो । सदस्य संस्थाहरूको संस्थागत तथा व्यवसायिकता विकास हुने तालिम तथा कार्यक्रमहरू गर्दै आइरहेको यहाँहरूलाई सर्वविदितै छ । आ.व. २०७०।०७१ मा देहायका तालिम तथा कार्यक्रमहरू सम्पन्न गरेको छ ।

क) सहकारी समन्वय उपसमितिको आयोजनामा मिति २०७० असोज २० गते संस्थाको आय विवरण कम्प्युटर प्रणालीमार्फत बुझाउने ई-फिलिङ्ग र टि. डि. एस. तालिम बाराही बचत तथा ऋण सहकारी संस्था लि.को सभा हलमा सम्पन्न भयो । जसमा सदस्य संस्थाहरू मध्येबाट २५ जनाको उपस्थिति रह्यो ।

ख) वित्तिय सेवा प्रबर्द्धन उपसमितिको आयोजनामा मिति २०७० पुष १९ गते लघुवित्त अभिमुखिकरण तालिम बाराही बचत तथा ऋण सहकारी संस्था लि.को सभाकक्षमा सम्पन्न भयो । उक्त कार्यक्रममा २३ जनाको उपस्थिति रहेको थियो ।

ग) मिति २०७१ माघ १० गते स्विट होम, दरवार स्क्वायरमा संघको आ.व. २०७०।०७१ को अर्धवार्षिक समिक्षा सम्पन्न गरियो ।

घ) वित्तीय सेवा प्रवर्द्धन उपसमितिको आयोजनामा लेखाको पुनःताजकिकरण तालिम कार्यक्रम मिति २०७० फाल्गुण ३० गते सूर्यविनायक रिर्सोटमा सम्पन्न भयो । उक्त

कार्यक्रममा २३ जनाको सहभागिता रह्यो ।

ङ) संस्थागत विकास उपसमितिको आयोजनामा संस्थागत विकास तालिमको दोस्रो चरणको कार्यक्रम २०७० माघ ३ र ४ गते कृषि विकास बैंकको तालिम केन्द्र बोडेमा सम्पन्न भयो ।

च) संस्थागत विकास उपसमितिको संयोजनमा संस्थागत विकास तालिमका सहभागीहरूको सिकाईलाई निरन्तरता दिने उद्देश्यले देहाय मिति, स्थान र विषयमा छलफल गर्न भेला कार्यक्रम सम्पन्न भयो ।

| मिति | स्थान | विषय |
|---|---|---|
| २०७०।०४।२७ | शिक्षा विकास साकोस | संरक्षित पूजी फिर्ता कोष सम्बन्धमा । |
| २०७०।१०।११ | श्रमिक साकोस | अर्धवार्षिक समीक्षा सम्बन्धमा । |

छ) मिति २०७१ बैशाष २६ गते संघको दशौं स्थापना दिवस भक्तपुर पार्टी भेन्यूमा सम्मान कार्यक्रम सहित मनाइयो ।

ज) सहकारी समन्वय उपसमितिको आयोजनामा मिति २०७० जेठ २५ गते संस्थाको आय विवरण कम्प्युटर प्राणाली मार्फत बुझाउने ई–फिलिङ्ग र टि. डि. एस. तालिम विनायक शिक्षा निकेतन मा. वि. मध्यपुर ठिमीमा सम्पन्न भयो । जसमा सदस्य संस्थाहरू मध्येबाट २२ जनाको उपस्थिति रह्यो ।

झ मिति २०७० पुष २६ र २७ गते वित्तीय सेवा प्रबर्द्धन उपसमितिको आयोजनामा पर्ल्स अनुगमन प्रणाली तालिम नेपाल रेडक्रस सोसाइटीको तालिम हल दूधपाटीमा सम्पन्न भयो ।

ञ) मिति २०७१ जेठ २७ गते संस्थागत विकास उपसमितिको आयोजनामा अन्तर सदस्य जानकारीमूलक अन्तर्क्रिया कार्यक्रम सिद्धि गणेश तालिम हल खँचामा सम्पन्न भयो ।

ट) मिति २०७१ असार ७ गते संस्थागत विकास उपसमितिको आयोजनामा अन्तर सदस्य जानकारीमूलक अन्तर्क्रिया कार्यक्रम शँखधर पार्टी प्यालेस शंखधर चोकमा सम्पन्न भयो ।

ठ) अन्तर्राष्ट्रिय सहकारी दिवसको उपलक्ष्यमा 'सहकारी संघ संस्थामा कोष व्यवस्थापन तथा परिचालन' पुस्तिकाको मस्यौदामा अन्तर्क्रिया कार्यक्रम २०७१ असार २० गते सिद्धि गणेश तालिम हल, खँचामा सम्पन्न भयो ।

ड) प्रकाशन उपसमितिको व्यवस्थापनमा सहकार्य बुलेटीन अंक ९ बर्ष ६ को २०७० चैत्रमसान्तमा प्रकाशित गरियो ।

ढ) संघको महिला उपसमितिको आयोजनामा मिति २०७१ असार २७ गते 'महिला साकोसको उपलब्धी, अवस्था, चुनौती र अवसर' विषयमा अन्तर्क्रिया कार्यक्रम बाराही बचत तथा ऋण सहकारी संस्था लि.को सभा हलमा सम्पन्न भयो ।

ण) प्रकाशन उपसमितिको आयोजनामा समुदायमा आधारित सहकारीहरूको प्रवर्द्धन र सम्बर्द्धन गर्ने उद्देश्यले संघको प्रायोजनमा सहकारी रेडियो कार्यक्रम सहकार्यको सार्वजनीकीकरण समारोह २०७० श्रावण ८ गते सिद्धि गणेश तालिम हल खँचामा सम्पन्न भयो ।

त) संघको संचालक, लेखा समिति, उपसमिति र कर्मचारी सहीत २०७० फाल्गुण १५ गते देखि १८ गतेसम्म पश्चिम नेपालका रूपन्देही र चितवन बचत तथा ऋण सहकारी संघहरू, विकु, लुम्वीनी बचत तथा ऋण सहकारी संस्था लि. र बखान सहकारी संस्था लि.को अध्ययन अवलोकन भ्रमण सम्पन्न गरियो ।

थ) मिति २०७० चैत्र २० गते डिभिजन सहकारी कार्यालय भक्तपुर, जिल्ला सहकारी संघ लि.

भक्तपुर, जिल्ला कृषि सहकारी संघ लि. भक्तपुर, जिल्ला दुग्ध उत्पादक सहकारी संघ लि., जिल्ला बहुउद्देशीय सहकारी संघ लि. भक्तपुर र यस संघको संयुक्त आयोजनामा ५७ औं राष्ट्रिय सहकारी दिवस कार्यक्रम सूर्यविनायक पार्टी भेन्यूमा मनाइयो ।

द) मिति २०७० जेष्ठ २२ देखि २५ गतेसम्म संस्थागत विकास उपसमितिको आयोजनामा सहकारी प्रशिक्षक उत्पादन गर्ने उद्देश्यका साथ सहकारी प्रशिक्षक प्रशिक्षण तालिम कृषि विकास बैंक तालिम केन्द्र सिन्टिटार बोडे मा सम्पन्न गरियो । जसमा २६ वटा संस्थाबाट २७ जनाको उपस्थिति रहेको थियो ।

## ६. कार्यालय संचालन तथा व्यवस्थापन

कार्यालय समय बिहान १०:०० बजे देखि बेलुकी ५:०० बजेसम्म सार्वजनिक विदा बाहेक हरेक दिन कार्यालय संचालन गर्दै आइरहेका छौं । कार्यालयको दैनिक प्रशासन सहजताको लागि कार्य विभाजन सहितको दरबन्दी सृजना गरी व्यवस्थापक सहित ४ जना कर्मचारीहरू व्यवस्थापन गरिएको छ ।

## ७. सहभागिता

सदस्य संस्थाहरूको साधारण सभामा संघको प्रतिनिधित्व अनुसुची १ मा प्रस्तुत गरिएको छ ।

## ८. सुचना तथा प्रकाशन

आमजनमानस र सदस्य संस्थाहरूमा छितो छरितो तरिकाले संघ र माथिल्लो संघका सुचना सम्प्रेशन गर्न आधुनिक संचारका माध्यम ई एस.एम.एस., ईमेल, फेसबुक र वेवसाइटका साथै पत्रपत्रिकाहरूको उपयोग गर्दै भक्तपुर एफ.एम. १०५.४ मेघाहर्जमा रेडियो कार्यक्रम "सहकार्य" हरेक हप्ता मंगलबार विहान ८ बजे देखि ९ बजेसम्म संचालनमा आइरहेको छ । संघ एवम् सदस्य संस्थाहरूको गतिविधिहरूलाई प्रोत्साहित गर्ने उद्देश्यका साथ बर्ष ६ अंक ९ को सहकार्य बुलेटिन र सहकारी रेडियो कार्यक्रम "सहकार्य" संचालन गरेको कुरा अवगत गराउँदछु । संघको आर्थिक एवम् अन्य गतिविधिहरूलाई सदस्यमाझ पारदर्शिताको लागि वार्षिक प्रगति प्रतिवेदन प्रकाशित गर्दै आईरहेको छ ।

## ९. बैठक संख्याः

आ.व. २०७०।०७१ मा समिति उपसमितिको बैठक निम्न अनुसार भएको छ ।

### बैठकहरू

| | |
|---|---|
| १. सञ्चालक समिति | - १७ पटक |
| २. लेखा समिति | - ४ पटक |
| ३. संस्थागत विकास उपसमिति | - ५ पटक |
| ४. वित्तीय सेवा प्रवर्द्धन उपसमिति | - १२ पटक |
| ५. सदस्यता उपसमिति | - ६ पटक |
| ६. प्रकाशन उपसमिति | - ६ पटक |
| ७. महिला शसक्तिकरण उपसमिति | - २ पटक |
| ८. सहकारी समन्वय उपसमिति | - ४ पटक |

## १०. कार्यक्रममा सहभागीता

विभिन्न संघ/संस्थाद्वारा आयोजित कार्यक्रमहरूमा संघको सहभागिता अनुसुची २ मा प्रस्तुत गरिएको छ ।

## ११. लाभाषं प्रस्ताव

संघको आर्थिक कारोवारको आधारमा आ.व. २०७०।७१ को कुल नाफालाई विनियममा व्यवस्था भए बमोजिम कोष बाँडफाँड गरी लाभांष कोषको रकमबाट १३ प्रतिशत लाभांष प्रदान गर्ने संचालक समितिको निर्णय प्रस्ताव पारितका लागि यस सभामा पेश गर्दछु ।

## १२. भावी कार्यक्रमहरू

### आ. व. २०७१।०७२ को कार्यक्रम योजना तथा बजेट

| स. नं. | कार्य विवरण | मिति | जिम्मेवारी | संभावित लागत | कैफियत | आर्थिक श्रोत |
|---|---|---|---|---|---|---|
| १ | संस्थागत विकास तालिम | ०७१ श्रावण मसान्त | संस्थागत विकास उपसमिति | १२०,०००।०० | चार दिन | सहभागी संस्थाहरू |
| २ | पर्ल्स अनुगमन तालिम | ०७१ भाद्र मसान्त | वित्तीय सेवा प्रवर्द्धन उपसमिति | २०,०००।०० | दुई दिन | आफ्नो र नेफ्स्कून तथा सहभागी संस्थाहरू |
| ३ | लघुबित्त अभिमुखिकरण | ०७१ भाद्र मसान्त | वित्तिय सेवा प्रवर्द्धन उपसमिति | ५,०००।०० | १ दिन | आफ्नै श्रोत |
| ४ | महिला नेतृत्व विकास तालिम | ०७१ भाद्र मसान्त | महिला शक्तिकरण उपसमिति | २०,०००।०० | १ दिन | सहभागी संस्थाहरू र संघ |
| ५ | लेखा समितिको भूमिका | ०७१ भाद्र | लेखा समिति | १५,०००।०० | १ | आफ्नै श्रोत |
| ६ | बुलेटिन प्रकाशन (चौमासिक) | ०७१ भाद्र, पुष र बैशाख | प्रकाशन उपसमिति | २८,०००।०० | ४ | आफ्नै श्रोत |
| ७ | साधारण सभा | २०७१ कार्तिक मसान्तसम्म | | १३०,०००।०० | | |
| ८ | परिणाममुखी तालिमको आयोजना तथा व्यवस्थापन | २०७१ मंसिर | महिला शक्तिकरण उपसमिति | १०,०००।०० | १ दिन | सहभागी संस्थाहरू र संघ |
| ९ | राष्ट्रिय/अन्तर्राष्ट्रिय अध्ययन भ्रमण | ०७१ मंसिर | समन्वय उपसमिति | ५०,०००।०० | १ | आफ्नै श्रोत |
| १० | बचत तथा ऋण लगानी व्यवस्थापन तालिम | ०७१ पुष मसान्तसम्म | वित्तीय सेवा प्रवर्द्धन उपसमिति | ३०,०००।०० | २ दिन | सहभागी संस्थाहरू र संघ |
| ११ | संस्थाहरूको साधारण सभामा सहभागिता | ०७१ पुष मसान्तसम्म | संचालक, उपसमिति | | १२५ | आफ्नै श्रोत |
| १२ | समीक्षा कार्यक्रम | ०७१ माघ मसान्तसम्म | संचालक समिति | १८,०००।०० | | आफ्नै श्रोत |
| १३ | लेखा तालिम तथा पुनःताजकिकरण | | | | | |
| | अ) आधारभूत सहकारी लेखा तालिम | ०७१ माघ मसान्त | वित्तीय सेवा प्रवर्दन उपसमिति | २०,०००।०० | दुई दिन | सहभागी संस्थाहरू |
| | आ) लेखा पुनःताजकिकरण तालिम | ०७१ फाल्गुण मसान्त | वित्तीय सेवा प्रवर्दन उपसमिति | १०,०००।०० | १ दिन | सहभागी संस्थाहरू |
| १४ | अन्तर्क्रिया/गोष्ठी | ०७१ फाल्गुण मसान्त | महिला शक्तिकरण उपसमिति | १०,०००।०० | | आफ्नै श्रोत |
| १५ | अन्तर सदस्य संस्था सेवा सुविधा सम्बन्धी अन्तर्क्रिया कार्यक्रम | ०७१ चैत्र मसान्त | संस्थागत विकास उपसमिति | १०,०००।०० | २ | आफ्नै श्रोत |
| १६ | सम्बन्धित निकायसंग अन्तर्क्रिया कार्यक्रम | ०७१ चैत्र मसान्त | समन्वय उपसमिति | ५,०००।०० | १ | आफ्नै श्रोत |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १७ | सहकारी दिवस कार्यक्रम | ०७० चैत्र मसान्त | संचालक समिति | ३०,०००।०० | १ | आफ्नै श्रोत |
| १८ | वार्षिक योजना तथा बजेट तर्जुमा अभिमुखिकरण | ०७२ बैशाख मसान्त | वित्तिय सेवा प्रवर्द्धन उपसमिति | १०,०००।०० | १ दिन | सहभागी संस्थाहरू |
| १९ | संघको स्थापना दिवस | ०७२ बैशाख २१ | संचालक समिति | ३२,०००।०० | १ | आफ्नै श्रोत |
| २० | अन्य कार्यक्रम | माग बमोजिम | संचालक समिति | १५,०००।०० | १ दिन | आफ्नै श्रोत |
| २१ | जिविससंग साझेदारी कार्यक्रम संचालन गर्ने | ०७२ असार मसान्त | संचालक समिति | ५०,०००।०० | | सम्बन्धित निकाय |
| २२ | सहकारी संस्था अनुगमन तथा परामर्श | ०७२ असार मसान्तसम्म | संचालक समिति | | २० | |
| २३ | कर तथा शुल्क सम्बन्धी कार्यक्रम (लविङ) | ०७२ असार मसान्त | समन्वय उपसमिति | ५,०००।०० | १ | आफ्नै श्रोत |
| २४ | समयानुकूल नीति नियम परिमार्जन | ०७२ असार मसान्त | संचालक समिति | ५,०००।०० | १ | आफ्नै श्रोत |
| २५ | सूचना प्रवाहमा 'सहकार्य' कार्यक्रम संचालन | हरेक हप्ता | प्रकाशन उपसमिति | ७२,०००।०० | ५२ | आफ्नै श्रोत |
| २६ | वार्षिक बजेट तर्जुमा | ०७२ असार मसान्त | बजेट उपसमिति | ५,०००।०० | २ | आफ्नै श्रोत |
| | जम्मा कार्यक्रम खर्च | | | ७२५,०००।०० | | |
| १ | शेयरपूँजी बृद्धि | ०७१ पुष मसान्तसम्म | व्यवस्थापन | ८,२००,०००।०० | | आफ्नै श्रोत र सहभागि |
| २ | बचत निक्षेप संकलन | ०७२ असार मसान्तसम्म | व्यवस्थापन | २५५,०००,०००।०० | | सहभागी संस्था तथा आफ्नै श्रोत |
| ३ | सदस्यता बृद्धि | ०७२ असार मसान्तसम्म | सदस्यता उपसमिति | १७५।०० | | आफ्नै श्रोत |
| ४ | ऋण लगानी | ०७२ असार मसान्तसम्म | व्यवस्थापन | ११०,०००,०००।०० | | सम्बन्धित संस्था |
| ५ | जनशक्ति विकास तथा विस्तार<br>अ) व्यवसायिक क्षमता अभिबृद्धि | ०७२ असार मसान्त | व्यवस्थापन | १०,०००।०० | १ | आफ्नै श्रोत |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | कार्यालय उपकरण तथा व्यवस्थापन<br>अ) कम्प्युटर तथा सफ्टवेयर<br>आ) फ्याक्स<br>ई) पंखा<br>उ) फर्निचर | ०७२ असार मसान्त<br>०७२ असार मसान्त<br>०७२ असार मसान्त<br>०७२ असार मसान्त | व्यवस्थापन<br>व्यवस्थापन<br>व्यवस्थापन<br>व्यवस्थापन | ५५,०००।००<br>३०,०००।००<br>२०,०००।००<br>८५,०००।०० | १<br>१<br>१<br>१ | आफ्नै श्रोत<br>आफ्नै श्रोत<br>आफ्नै श्रोत<br>आफ्नै श्रोत |
| ७ | स्टेशनरी सेवा | ०७२ असार मसान्त | व्यवस्थापन | ७००,०००।०० | १ | आफ्नै श्रोत |
| ८ | बैठक | ०७२ असार मसान्त | संचालक, लेखा समिति र उपसमिति | १६८,०००।०० | ७० | आफ्नै श्रोत |

अन्त्यमा दशौं वार्षिक साधारण सभामा प्रस्तुत गरीएका आ.व. २०७०।०७१ को प्रगति प्रतिवेदन तथा आ.व. २०७१।०७२ को प्रस्तावित कार्यक्रम माथि छलफल गरी पारित गरीने विश्वासका साथ विदा हुन्छु ।

जय सहकारी !

# आर्थिक प्रगति तथा अनुमानित बजेट



कृष्णगोविन्द लाखाजु
कोषाध्यक्ष

सर्वप्रथम यस संघको दशौं साधारण सभामा पाल्नु भएका सम्पूर्ण महानुभावहरूमा हार्दिक अभिवादन व्यक्त गर्दछु । यस संघको कोषाध्यक्षको हैसियतले यस साधारण सभामा वित्तीय प्रगति विवरण र अनुमानित बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा खुशी लागेको छ ।

सहकारी क्षेत्रले देशको अर्थतन्त्रमा उल्लेखनीय स्थान ओगटेको छ । यसमा पनि अन्य सहकारी भन्दा बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाहरूको उपस्थिति उल्लेख्य छ । नेपाल राष्ट्र बैंककै तथ्यांक अनुसार देशको अर्थतन्त्रको पन्ध्र प्रतिशत भाग सहकारीले ओगटेको छ । डिभिजन सहकारी कार्यालयको तथ्यांक अनुसार भक्तपुरमा मात्रै पनि दुई लाख भन्दा बढी व्यक्तिहरू सहकारीमा आवद्ध छन् । गाउँ बस्तीमा बचत तथा ऋण सेवा सहकारीका माध्यमबाट पुऱ्याइरहेका छन् । रोजगारीमा बृद्धि भएको छ । सहकारी मार्फत शिक्षा तालिम सदस्यहरूले पाईरहेका छन् । बचत तथा ऋण सहकारीको माध्यमबाट कृषि, जनस्वास्थ्य जस्ता क्षेत्रमा पनि सेवा पुऱ्याइएका प्रशस्त उदाहरणहरू छन् । नेपालको अन्तरिम संविधान, २०६३ ले राज्यको अर्थतन्त्रको विकास गर्न अवलम्बन गर्ने तीन वटा क्षेत्र मध्ये सहकारीलाई एउटा क्षेत्रको रूपमा लिएको छ । यी सहकारी अभियानका सबल पक्ष हुन् ।

सहकारी सम्बन्धी यस्ता सकारात्मक पक्षहरू हुँदाहुँदै पनि सहकारीलाई सेवा मुलक व्यवसायको रूपमा नलिई नीजि व्यवसाय भन्दा पनि अझ एक पाईला अगाडि मनपरी ढंगले फाईदा लुट्न खोज्नेहरूको उदाहरण हाम्रा सामु छन् । आर्थिक प्रलोभनमा पारी सहकारीको नाउँमा सर्वसाधारणको रकम संकलन गर्ने अनि संचालकहरूले व्यक्तिगत रूपमा मनपरी ढंगले नीजि व्यवसायमा लगानी गर्ने गलत प्रचलन पनि देखिएको छ । सहकारीका मूल्य मान्यता पालना नगर्ने र इमान्दारिता तथा पारदर्शिता नअपनाउने त्यस्ता केहि संस्थाहरूका संचालकहरूको नीजि व्यवसाय बिग्रेपछि संस्था नै धरासायी पनि भएका छन् । अझै पनि त्यस्ता केही संस्थाहरू सहकारीको नाउँमा गलत ढंगले सर्वसाधारणसँग रकम संकलन गर्दैछन् । त्यसले समग्र सहकारीकै बदनाम गर्न खोजिएको छ । त्यसमा हामी सजग हुनु पर्ने देखिन्छ । यस संघको उद्गम नै

सहकारीमा देखा परेका विकृति र त्यसका समाधानका खोजीको क्रममा भएको कुरा स्मरण गराउन चाहन्छु ।

समुदायमा आधारित बचत तथा ऋण सहकारी संस्थाहरूको साझा संगठनको रूपमा रहेको यस जिल्ला संघ मजबुत र सवल भएमा मात्र हाम्रो आवाज शसक्त हुन्छ भन्ने कुरा हामीले बिर्सनु हुँदैन । बचत तथा ऋण सहकारी क्षेत्रमा देखिएका चुनौति तथा समस्याहरूको सामुहिक रूपमा हल गर्न र तीन तहको तहगत संरचनाका पक्षमा आवाज उठाउनका लागि यस संघ सवल र आत्मनिर्भर हुन आवश्यक छ । आत्मनिर्भरताको लागि आर्थिक स्रोतको खाँचो पर्दछ ।

जिल्लाको पैसा जिल्लामै परिचालन गर्ने अवधारणालाई आत्मसात गर्दै यस संघले आर्थिक गतिविधि गर्दै आएको कुरा यहाँहरू माझ छिपेको छैन । गतविगत वर्ष देखिनै संघको आर्थिक कारोवारमा सहजता ल्याउन काउण्टर व्यवस्था गरी दैनिक रूपमा आर्थिक कारोवार गर्दै आएको कुरा यहाँहरूमा अवगत भएकै कुरा हो । त्यसले संघको आर्थिक कारोवारमा बढोत्तरी भई आत्मनिर्भर बनाउन सघाएको छ र व्यवसायमुखी पनि बनाएको छ ।

अब म यस संघको आ.व.२०७०।७१ को वित्तीय प्रगति प्रस्तुत गर्न अनुमति चाहन्छु ।

श्रोत तर्फको प्रगति (रू.०००)

| विवरण | २०६९।७० सम्मको यथार्थ | २०७०।७१ को अनुमानित | २०७०।७१ सम्मको यथार्थ | गतवर्ष भन्दा वृद्धि प्रतिशत | वार्षिक लक्ष्यमा प्रगति प्रतिशत |
|---|---|---|---|---|---|
| शेयर पूँजी | ४,६२६ | ७,००० | ६,३१४ | ३६ | ९० |
| बचतनिक्षेप | १३७,२१६ | १६८,००० | २१२,९३३ | ५५ | १२७ |
| कोषहरू | ३,८२३ | ५,५०० | ४,९१७ | २९ | ८९ |
| अन्यदायित्व | १,२६८ | १,५०० | १,३२२ | ४ | ८८ |
| जम्मा | १४६,९३३ | १८,२००० | २२५,४८६ | ५३ | १२४ |

उपयोग तर्फको प्रगति ( रू.०००)

| विवरण | २०६९।७० सम्मको यथार्थ | २०७०।७१ को अनुमानित | २०७०।७१ सम्मको यथार्थ | गतवर्ष भन्दा वृद्धि प्रतिशत | वार्षिक लक्ष्यमा प्रगति प्रतिशत |
|---|---|---|---|---|---|
| ऋण लगानी | २२४२३ | ७०,००० | १८,५६३ | –१७ | २७ |
| अन्यलगानी | ३३०९६ | ५७,३०० | १०७,१६३ | २२४ | १८७ |
| सम्पति सामान | २८० | ६०० | ५५० | ९६ | ९२ |
| पाउनु पर्ने | २५०८ | ३००० | ३,८४९ | ५३ | १२८ |
| तरलता | ८८६२६ | ५११०० | ९५,३६१ | ८ | १८७ |
| जम्मा | १४६९३३ | १८२००० | २२५,४८६ | ५३ | १२४ |

आम्दानी र खर्च तर्फको प्रगति (रू.०००)

| विवरण | २०६९।७० सम्मको यथार्थ | २०७०।७१ को अनुमानित | २०७०।७१ सम्मको यथार्थ | गतवर्ष भन्दा वृद्धि प्रतिशत | वार्षिक लक्ष्यमा प्रगति प्रतिशत |
|---|---|---|---|---|---|
| आम्दानी | १३३८७ | १५९९० | १६३१२ | २२ | १०२ |
| खर्च | ११२३५ | १३२६० | १४४२९ | २८ | १०९ |
| बचत (नाफा) | २१५२ | २७३० | १८८३ | -१३ | ६९ |

माथि उल्लेखित वित्तीय विवरणले संघको वित्तीय स्थिति उँभो लागेको प्रष्ट हुन्छ । तर बचतमा बृद्धि भए जस्तै ऋण लगानीमा प्रगति हुन नसकेको यथार्थ हो । संघमा आवद्ध संस्थाहरूले संघमा गरेको आर्थिक कारोवार नै संघको मुख्य कारोवार हुने भएकोले संघमा बचत जम्मा र ऋण लगानी पनि सदस्य संस्थाहरूले गर्ने कारोवारमा भर पर्दछ । अधिकांश सदस्य संस्थाहरूमा तरलता पर्याप्त देखिएको छ । जसले गर्दा ऋण लगानी हुन नसकी संघमा अधिक तरलता कायम भएको छ । ऋण लगानीमा व्यापकता ल्याउनका लागि व्याजदर पनि परिमार्जित गरिएको हो । ऋण लगानी गर्ने अधिकतम सीमा पनि बढाइएको हो तापनि अपेक्षाकृत ऋण लगानी हुन सकेको अवस्था छैन । यसमा देशको आर्थिक मन्दिले पनि असर गरेको देखिन्छ । संघमा जम्मा हुन आएको बचत निक्षेपबाट कायम भएको तरलता बृद्धिलाई व्यवस्थापन गर्न विभिन्न बैंक तथा वित्तीय संस्थाहरूमा तरल लगानी गरिएको छ ।

त्यसै गरी बचत निक्षेपको तुलनामा शेयर पूँजीको अनुपातमा पनि कमी छ । संघको शेयरपूँजी बढाउनका लागि सम्पूर्ण सदस्य संस्थाहरूलाई आव्हान गर्न चाहन्छु । साथै संघलाई वित्तीय रूपमा सवल र सक्षम बनाउनका लागि विगतमा झै आउँदा दिनमा सम्पूर्ण सदस्य संस्थाहरूले यस संघमा थप आर्थिक कारोवार गर्नु हुने विश्वास गरेको छु ।

अव म आ.व.२०७०।७१ को अनुमानित बजेट प्रस्तुत गर्न अनुमति चाहन्छु ।

श्रोततर्फ (रू.०००)

| विवरण | २०७०।७१ को अनुमानित | २०७०।७१ सम्मको यथार्थ | २०७१।७२ को अनुमानित |
|---|---|---|---|
| शेयरपूँजी | ७,००० | ६,३१४ | ८२०० |
| बचतनिक्षेप | १६८,००० | २१२,९३३ | २,५५,००० |
| कोषहरू | ५५०० | ४,९१७ | ६१०० |
| अन्यदायित्व | १,५०० | १,३२२ | १३०० |
| जम्मा | १८२००० | २२५,४८६ | २७०,६०० |

उपयोग तर्फ (रू.०००)

| विवरण | २०७०।७१ को अनुमानित | २०७०।७१ सम्मको यथाथ | २०७१।७२ को अनुमानित |
|---|---|---|---|
| ऋण लगानी | ७०,००० | १८,५६३ | ११०,००० |
| अन्यलगानी | ५७,३०० | १०७,१६३ | १००,००० |
| सम्पति सामान | ६०० | ५५० | ७०० |
| पाउनु पर्ने | ३००० | ३,८४९ | ४०,००० |
| तरलता | ५११०० | ९५,३६१ | ५५,९०० |
| जम्मा | १८२००० | २२५,४८६ | २७०,६०० |

आम्दानीतर्फ (रू.०००)

| विवरण | २०७०।७१ को अनुमानित | २०७०।७१ सम्मको यथार्थ | २०७१।७२ को अनुमानित |
|---|---|---|---|
| ऋणवाट व्याजआम्दानी | ५१७९ | २५६३ | ६,८५७ |
| वित्तीय लगानीवाट व्याजआम्दानी | ९१११ | १२२४९ | ११,२९५ |
| ऋण सुरक्षण शुल्क | ७०० | ३८४ | ११०० |
| अन्य आम्दानी | १००० | १११६ | १३०० |
| जम्मा | १५९९० | १६३१२ | २०,५५२ |

खर्चतर्फ (रू.०००)

| विवरण | २०७०।७१ को अनुमानित | २०७०।७१ सम्मको यथार्थ | २०७१।७२ को अनुमानित |
|---|---|---|---|
| व्याजखर्च | १०७०० | ११६३९ | १३,६७४ |
| कार्यालय सं.खर्च | १७१० | २१२३ | २,५५३ |
| सहकारी कार्यक्रम खर्च | ५१३ | ७०५ | ७२५ |
| ऋण सुरक्षण कोष | ३३७ | (३८) | १,१०० |
| बचत (नाफा) | २७३० | १८८३ | २,५०० |
| जम्मा | १५९९० | १६३१२ | २०,५५२ |

अन्त्यमा प्रस्तुत वित्तीय प्रगति विवरण र आ.व.२०७१।७२को अनुमानित बजेट तथा लेखा परीक्षक हो मनाथ शर्मा चौलागाईद्धारा प्रस्तुत यस संघको आ.व.२०७०।७१ को लेखापरीक्षण प्रतिवेदन समेत यस सभावाट पारित गरी दिनु हुन अनुरोध गर्दछु । धन्यवाद । जय सहकारी ।

# वार्षिक प्रतिवेदन



श्रीराम लामिछाने
संयोजक
लेखा सुपरीवेक्षण समिति

सभाध्यक्ष महोदय, प्रमुख अतिथिज्यू, अतिथिज्यूहरू, सञ्चालक समितिका पदाधिकारी एवं सदस्यज्यूहरू, लेखा समितिका सदस्यज्यूहरू, उपसमितिका सदस्यज्यूहरू तथा यस साधारणसभामा उपस्थित प्रतिनिधि एवम् पत्रकारज्यूहरू सबैमा हार्दिक अभिवादन ।

भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि. २०६२ बैशाख २१ गते डिभिजन सहकारी कार्यालय भक्तपुरमा दर्ता नं. ९०।०६१।६२ मा दर्ता भएको संघ हो । यो संघ स्थापनाकाल देखि प्रारम्भिक बचत तथा ऋण सहकारी संस्थाहरूसंग हातेमालो गर्दै आ.व. २०७०।०७१ को अन्त्यमा १५७ वटा संस्था संघमा आबद्ध गराउन सफल भएको छ । हाल सम्ममा १५९ वटा संस्था आबद्ध भइसकेको छ । सदस्य संस्थाहरूलाई शिक्षा, तालिम, गोष्ठी आदी मार्फत दायित्व बोध गराउन सकेकाले यस संघ सहकारी अभियानमा राष्ट्रियस्तरको उत्कृष्ट, लोकप्रिय र आशा भरोसाको रूपमा अभिभावकत्व प्रदान गर्दै आफुलाई उभ्याउन सकेको छ ।

लेखा सुपरिवेक्षण समिति एक स्वतन्त्र समिति भएकोले संघमा लेखा र लेखा राख्ने विधिको सुक्ष्म अध्ययन अनुगमन गरेको जानकारी गर्दछु । संघबाट भएका सम्पूर्ण कारोबारहरू ठीक ढंगले इमान्दारीपूर्वक, सहकारी मूल्य, मान्यता, सिद्धान्त, ऐन, नियम, संघको विनियम नीति अनुरूप भएका छन् छैनन भनी सुपरिवेक्षण गर्ने र गल्ती कमजोरी भए समयमै सच्याउन सुझाव यस समितिले दिदैं आएको छ ।

यस समितिले विना भेदभाव संघका सदस्य संस्थाहरूको शेयर, निक्षेप, ऋण र व्याजको जाँच गर्ने, आम्दानी खर्चको भौचर रूजु गर्ने एवं संचालक समितिले गरेका काम कारवाहीको बारेमा सुक्ष्म अध्ययन गरी सुझाव दिदैं आएको छ भने यस समितिबाट सदस्य संस्थाका लेखा समितिलाई लक्षित गरी ७५ जनाको सहभागीतामा मिति २०७१ भाद्र २७ गते लेखा समितिको भूमिका र प्रतिवेदन ढाँचा विषयक कार्यपत्र प्रस्तुत गरी सदस्य संस्थाको उक्त समितिलाई थप क्रियाशिल गराउन मद्दत पुगेको महशुस गरेका छौं ।

"लेखा सुपरिवेक्षण समितिको रचनात्मक भूमिका संघ सफलताको आधार" भन्ने नारालाई आत्मसाथ गर्दै सहकारी संस्थाको हक अधिकारप्रति

सदैव संवेदनशील बनी संघमा शुसासन कायम गर्नको लागि विद्यमान नीति, नियम, विनियम, ऐन, नियमावली मापदण्ड अनुसार आन्तरिक अनुगमन र नियन्त्रण गर्ने कार्य गर्दै सुझाब दिएका छौं ।

आदरणिय प्रतिनिधिज्यूहरू,

संघको लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन सहकारी विभागद्वारा जारी सहकारी संघ संस्था दर्ता संचालन, लेखा परीक्षण, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड २०६८ अनुसार प्रस्तुत गर्नुपर्ने भएकोले उक्त मापदण्डका आधारमा तयार गरिएको छ ।

## १) वित्तीय अवस्था विश्लेषण

| क्र.सं. | विवरण | आ. व. ०६९/७० को यथार्थ | आ. व. ०७०/७१ को अनुमानित | आ. व. ०७०/७१ को यथार्थ | बृद्धि प्रतिशत |
|---|---|---|---|---|---|
| १ | सदस्य संख्या | १४२ | १७५ | १५७ | ११% |
| २ | शेयर पूँजी | ४,६२६,०००।०० | ७०,००,०००।०० | ६,३१४,०००।०० | ३६% |
| ३ | निक्षेप | १३७,२१५,८७०।३१ | १६८,०००,०००।०० | २१२,९३२,९६९।७१ | ५५% |
| ४ | ऋण लगानी | २२,४२२,८२६।०० | ७०,०००,०००।०० | १८,५६३,५८६।०० | (१७%) |
| ५ | सम्पत्ति सामान | २८०,१३०।०३ | ६००,०००।०० | ५४९,८२४।४० | (६%) |
| ६ | व्याज आम्दानी | १२,५५८,६८०।८० | ५,१७९,०००।०० | १४,८११,९३०।६९ | १८% |
| ७ | व्याज खर्च | ९,६०९,६००।०० | १०,७००,०००।०० | ११,६३९,१५६।०० | २१% |
| ८ | वासलात कुल सम्पत्ति | १४६,९३३,४३०।९४ | १८२,०००,०००।०० | २२५,४८६,६५८।५६ | ५३% |
| ९ | बचत(नाफा) | २,१५२,३१६।८० | २,७३०,०००।०० | १,८८३,०५४।३० | (१३%) |
| १० | जगेडा तथा अन्य कोष | ३,८२३,३७१।९६ | ५,५००,०००।०० | ४,९१७,३७३।०१ | २९% |

उपर्युक्त तालिका अनुसार संघले शेयर बृद्धि, ऋण लगानी, र सदस्यता बृद्धि गर्न प्रभावकारी कार्यक्रमहरू ल्याउनुपर्ने देखिन्छ ।

## २. अघिल्लो साधारण सभाको निर्णय

संघको नवौं वार्षिक साधारण सभा २०७० मंसिर २९ गते थापा पार्टी प्यालेस, सुर्यविनायकमा नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.का अध्यक्ष मिनराज कडेंलको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । सो साधारण सभाबाट पारित निर्णयहरूमध्ये तपसिलका महत्वपूर्ण निर्णयहरू कार्यान्वयन भएको देखिन्छ ।

(क) संघको अधिकांश प्रस्तावित कार्यक्रमहरू सम्पन्न भएका छन् ।

(ख) विनियम संशोधन प्रस्ताव डिभिजन सहकारी कार्यालयबाट स्विकृत भएको छ ।

(ग) आ. ब. २०७०/७१ मा व्याजदर समायोजन, प्रस्तावित कार्यक्रमको कार्यान्वयन गर्न संचालक समिति र उपसमितिहरूले बैठक बसी उपयुक्त निर्णय गरी कार्य गरेको देखिन्छ ।

## ३. आ. ब. २०७०/७१ मा बैठक

| क्र.सं. | विवरण | बैठक संख्या |
|---|---|---|
| १ | संचालक समिति | १७ |
| २ | लेखा समिति | ४ |
| ३ | संस्थागत विकास उपसमिति | ५ |
| ४ | बित्तीय सेवा प्रवर्द्धन उपसमिति | १२ |
| ५ | प्रकाशन उपसमिति | ६ |
| ६ | महिला सशक्तिकरण उपसमिति | २ |
| ७ | सदस्यता उपसमिति | ६ |
| ८ | सहकारी समन्वय उपसमिति | ४ |

## ४. ऋण लगानीको प्रक्रियामा धितो सुरक्षण

संघ वित्तीय संस्था भएकोले प्रारम्भिक सहकारी संस्थाहरूसँग निक्षेप स्विकार गर्नु र प्रारम्भिक संस्थाहरूलाई ऋण प्रदान गर्नु संघको प्रमुख कार्य हो । सोही अनुसार प्रारम्भिक संस्थाहरूको वित्तीय विश्लेषण गरी संघले शेयर तथा जगेडाकोषको आधारमा वित्तीय सेवा प्रवर्द्धन उपसमितिको संयोजकको सिफारिसमा संचालक समितिको स्विकृतिमा अल्पकालीन ऋण बढीमा रू.२०,००,०००।-(बीस लाख रूपैयाँ मात्र) ऋण प्रदान गर्दै आइरहेको छ । धितो जमानीमा दीर्घकालीन ऋण प्रदान गर्न वित्तीय सेवा प्रवर्द्धन उपसमितिले स्थलगत निरीक्षण गरी मूल्याङ्कन गरेको रकमको ६०% ले नबढ्ने गरी वित्तिय सेवा प्रवर्द्धन उपसमितिको सिफारिसमा संचालक समितिले निर्णय गरी दृष्टि बन्धकी गरेर अधिकतम रू.५०,००,०००।- (पचास लाख रूपैंया मात्र) ऋण प्रवाह गर्दै आइरहेको छ । संघले लगानी गरेको ऋण रकममध्ये आ.ब.२०७०/७१ को मसान्तसम्ममा कुनै पनि भाखा नाघेको ऋण नहुनु सकारात्मक पक्ष हो । संघले सहकारी मापदण्ड अनुसार ऋण लगानीमा जोखिमको व्यवस्था गरेको छ ।

## ५. सहकारी मापदण्डहरूको पालना

यस संघ सहकारी ऐन, नियम र सिद्धान्त एवं सहकारी मापदण्ड २०६८ द्वारा निर्देशित मापदण्डहरू बमोजिम परिचालित छ ।

## ६. अनुगमन निर्देशन एवम् सुझाव कार्यान्वयन

यस समितिले संघको निर्णय पुस्तिका, आर्थिक प्रगति प्रतिवेदन र व्यवस्थापकीय प्रक्रियाको नियमित अनुगमन गरी आवश्यक सुझावहरू दिंदै आइरहेको छ । उक्त सुझावहरू अधिकांश पालना भएको देखिन्छ ।

## ७. पदाधिकारी पारिश्रमिक, भत्ता र सुविधा

संघका संचालक, लेखा समिति र उपसमितिका पदाधिकारीहरूले सहकारी ऐन तथा मापदण्ड विपरित

कुनै पारिश्रमिक, भत्ता र सुविधा लिएको छैन । संघको निर्णय अनुसार देहाय अवस्थामा पारिश्रमिक, भत्ता तथा सुविधा लिएको पाइन्छ ।

७.१ भत्ता-संघको संचालक, लेखा समिति र उपसमितिका पदाधिकारीहरूले प्रति बैठक भत्ता रू.५००।- का दरले बुझ्ने गरेको छ ।

७.२ सुविधा- संघको तर्फबाट प्रतिनिधि भई जाँदा पदाधिकारीहरूलाई प्रति दिन परिवहन खर्च रू. ५००।- दरले दिने गरेको छ ।

## ८. कर्मचारी प्रशासन

संघलाई व्यवस्थित र मर्यादित बनाउन कर्मचारीहरूको महत्वपूर्ण भूमिका रहन्छ । कर्मचारीहरू संघ/संस्थाका हात खुट्टा हुन् जसले सम्पूर्ण कार्यहरूलाई व्यवस्थित गर्दछ । तसर्थ कर्मचारी प्रशासन आजको सहकारीको आवश्यकता हो ।

### ८.१ कर्मचारी प्रशासन नीति र यसको प्रयोग

संघमा हाल कर्मचारी प्रशासन नीति २०६८ पारित भई कर्मचारी भर्ना लगायत प्रशासनीक कार्यको लागि प्रयोग भइरहेको देखिन्छ ।

### ८.२ कर्मचारी कार्य विभाजन

संघले सबै कर्मचारीहरूलाई योग्यता र सक्षमताको आधारमा समानुपातिक रूपमा कार्य विभाजन गरेको छ । कार्यालय प्रमुख वा अन्य पदाधिकारीहरूले कुनै पनि कर्मचारी माथि पुर्वाग्रह राखी व्यवहार गरेको पाइँदैंन । कुनै कर्मचारीलाई बढी कार्यबोझ र कुनै कर्मचारीलाई कम कार्यबोझ दिएको देखिदैंन ।

### ८.३ व्यवस्थापन प्रमुखको योग्यता

संघका व्यवस्थापक बालकृष्ण धोजू त्रिभुवन विश्व विद्यालयबाट व्यवस्थापन विषयमा स्नातकोत्तर उत्तीर्ण हुनुहुन्छ । नीज शैक्षिक एवं सामाजिक रूपले योग्य हुनुको साथै व्यवसायिक दक्ष तथा सक्षम व्यक्ति हुनुहुन्छ । उहाँको नेतृत्वमा संघ सबल र सक्षम भईरहेको छ र आगामी दिनहरूमा अझ संघले प्रगति गर्दै जाने देखिन्छ ।

### ८.४ कर्मचारी विवरण

यस संघमा हाल तपसिल बमोजिमका कर्मचारी कार्यरत रहेका छन् :-

| जम्मा कर्मचारीः ४ जना | पुरूषः २ जना | महिलाः २ जना |
|---|---|---|
| अस्थायी | १ जना | |
| स्थायी | १ जना | २ जना |

## ९. बजेट अनुसार आर्थिक प्रशासनिक नीति अध्ययन

संघको आर्थिक प्रशासन नीति साधारण सभाबाट पारित भएको छ । तसर्थ, आर्थिक प्रशासन नीति तथा संघको त्रिवर्षीय योजना बमोजिम बजेट बनाउने र बजेटको सीमाभित्र रही कार्यान्वयन पक्षमा लगिएको छ ।

## १०. पर्ल्स मापदण्ड र अवस्था विश्लेषण

वित्तीय अनुपात विश्लेषण

| क्षेत्र (Area) | बित्तीय अनुपात (PEARLS Ratios) | | मापदण्ड | २०७१ असार मसान्त सम्मको | |
|---|---|---|---|---|---|
| | | | | रकम | प्रतिशत |
| सुरक्षा ( P = Protection) | P1 | एक बर्ष भन्दा बढी भाखा नाघेको | १००% | - | ०।००% |
| | P2 | एक बर्ष भन्दा कम भाखा नाघेको | ३५% | - | ०।००% |
| | P3 | भाखा ननाघेको | १% | १८५,६३५।८६ | १००% |
| प्रभावकारी बित्तीय संरचना (E= Effective Financing Structure) | E1 | उठन बांकी ऋण/कूल सम्पत्ति | ७०-८०% | १८,५६३,५८६।०० | ८।२३% |
| | E5 | निक्षेप हिसाव/कूल सम्पत्ति | ७०-८०% | २१२,९३२,९६९।७१ | ९४।४३% |
| | E6 | बाह्य ऋण/कूल सम्पत्ति | < ५% | - | ०।००% |
| | E7 | शेयर पूंजी/कूल सम्पत्ति | १०-२०% | ६,३१४,०००।०० | २।८०% |
| | E8 | संस्थागत पूंजी/कूल सम्पत्ति | > १०% | ४,९१७,३७३।०१ | २।१८% |
| सम्पत्तिको गुण A= Assets Quality | A1 | कुल भाखा नाघेको कर्जा | < ५% | - | ०।००% |
| | A5 | आर्जन नगर्ने कुल सम्पत्ति | < ५% | १,०५०,७३९।९६ | ०।४७% |
| | A6 | संस्थागत पूंजी र आर्जन नगर्ने सम्पत्ति | > = १००% | ४,९१७,३७३।०१ | ४६७।९९% |
| प्रतिफलको दर R=Rate of Return | R7 | लाभांश रकम औसत पूँजीमा | कम्तीमा मुद्रास्फितिदर | ८४७३७४।४३ | १५% |
| | R9 | सञ्चालन लागत औसत सम्पत्तिमा | ३-५% | २,६५४,५०४।६८ | १% |
| तरलता L=Liquidity | L1 | खूद कार्यशील पूंजी कूल निक्षेपमा | १५% | २०६,३४२,२४८।१६ | ९६।९०% |
| | L3 | तरलता | १०-२०% | २०२,४९३,४३९।७७ | ८९।८०% |
| विकासका संकेत S= Sign of Growth | S10 | सदस्य संख्यामा बृद्धि | >१२% | १५।०० | १०।५६% |
| | S11 | कुल सम्पत्तिमा बृद्धि | मुद्रास्फितिदर | ७८,५५३,२२७।६२ | ५३।४६% |

संघमा तरलता अत्यधिक रहनु अनुत्पादक हो, तसर्थ ऋण लगानी प्रक्रियालाई सहज र सरल बनाई बढी भन्दा बढी ऋण लगानी गर्न अझ प्रभावकारी नीति बनाउनुपर्ने देखिन्छ ।

## ११. नगद, तरलता र भौतिक सम्पत्ति उपयोग अवस्था

संघले काउन्टर सेवाको शुरूवात गरेदेखि नै नगद कारोवार गर्दै आईरहेको छ । निक्षेप फिर्ता नगदबाट र ऋण लगानी बैंकबाट गर्दै आइरहेको छ । तसर्थ कुल सम्पत्तिको १% मा नवढाई नगद मौज्दात राख्ने गरि एको छ । साथै उक्त नगद मौज्दातको सुरक्षाको लागि सेफ र सो सेफमा रहेको रकम रू.७,००,०००।- को बीमा रहेको र रू.३,००,०००।-को काउन्टरमा रहेको नगदको वीमा गरिएको छ । संघको तरलता असारमसान्तसम्ममा ८९।८० % रहेको छ । संघमा रहेको भौतिक सम्पत्तिहरूको स्टक नं. दिएर लेखांकन गरिएको छ । ती सम्पत्तिहरू सुरक्षितकासाथ उपयोग गर्दै आइरहेको छ ।

## १२. सहकारी शिक्षा, तालिम र सूचना

संघले सहकारी तालिम तथा शिक्षालाई महत्वपूर्ण स्थानमा राखिएको छ । सदस्य संस्थाको संस्थागत विकास हुने विभिन्न किसिमका तालिमहरू जस्तैः सहकारी लेखा व्यवस्थापन तालिम, पर्ल्स अनुगमन तालिम, असल बैठक प्रणाली तालिम, संचालकहरूको क्षमता अभिवृद्धि तालिम (CUDCC), संस्थागत विकास तालिम, कर प्रणली तथा ई सिस्टम विषयमा अर्न्तक्रिया, गोष्ठी आदि कार्यक्रमहरूको आयोजना गरीएका छन् । माथिल्लो संघहरूको सूचना र संघका कार्यक्रमहरू एवम् अन्य महत्वपूर्ण जानकारीहरू संघले पत्रपत्रिका, एफ.एम., ईमेल, एस. एम. एस. तथा चिठीमार्फत सूचना सम्प्रेषण गर्दै आइरहेको छ ।

## १३. विगतका सुझावहरू

लेखा समितिले संचालक समितिलाई राय, सुझाव र सल्लाहहरू समय समयमा दिँदै आइरहेको छ र भविष्यमा पनि यसलाई निरन्तरता दिँदै जानेछौं । विगतमा यस समितिले खातापाता संचालन लेखा राख्ने क्रममा विल भपाई रूजु गर्दा सुधार गर्नुपर्ने बुदाँहरू, निर्णय र निर्णय कार्यान्वयन गर्ने क्रममा गरीएका कार्यहरू निर्णय तथा कार्यहरूको विषयमा दिएका अधिकांश सुझावहरू कार्यान्वयन भएका छन् ।

## १४. बाह्य लेखा परीक्षकको सुझाव

लेखा परीक्षकबाट ०७०/०७१ को सन्दर्भमा दिएका सुझावहरूलाई संघले अवलम्बन गरिएको छ ।

## १५. सहभागितात्मक तालिम सम्बन्धमा

संघको परिवार बढ्दै गएकोले तालिम र शिक्षाको पाटोमा संस्थालाई अग्रसर गराई क्षेत्रीयस्तरमा संघको थोरै लगानीमा ठूलो उपलब्धी हासिल गर्न संघले सहभागितात्मक तालिम एवम् शिक्षातर्फ जोड दिनुपर्ने र जिल्ला स्तरमा सम्पन्न प्रशिक्षक प्रशिक्षण तालिम (TOT) लाई निरन्तरता दिनुपर्ने देखिन्छ ।

## १६. लेखा समितिको टिप्पणी

सहकारी संघ संस्था विशेषको नभई सम्पूर्ण संस्थाहरूको साझा संघ हो । सदस्य संस्थाको हितलाई सर्वोपरी ठानी संघले विगतका कमिकमजोरीबाट शिक्षा लिनु पर्दछ, तबमात्र सहकारी संघ सफल हुन सक्दछ ।

आजको प्रतिस्पर्धात्मक युगमा निश्चित नीति र कार्ययोजना बनाई संघ अगाडि बढ्नु पर्दछ ।

## १७. लेखा समितिको सुझावहरू

संघको दिगो विकासको निम्ति विगत र वर्तमानको समीक्षा गर्दै निम्न सुझावहरू प्रस्तुत गरेका छौं :-

१७.१ सहकार्य बुलेटीनलाई नियमित प्रकाशन गर्नुपर्ने देखिन्छ ।

१७.२ संघले लगानी गरेका धितो ऋणहरूको वीमा गर्नुपर्ने देखिन्छ । साथै संघको तरलता बढ्दै गएकोले व्यवस्थापन गर्ने कार्ययोजना बनाउनुपर्ने देखिन्छ ।

१७.३ संघले सदस्यता बृद्धि कार्यक्रमलाई जोड दिनुपर्ने देखिन्छ ।

१७.४ संघले बचत तथा ऋण कार्यक्रममा विविधिकरण गरी आवश्यक नीति तर्जुमा गर्नुपर्दछ ।

१७.५ अन्तर संघ अवलोकन भ्रमण कार्यक्रमलाई निरन्तरता दिनुपर्ने देखिन्छ ।

१७.६ प्रारम्भिक बचत तथा ऋण सहकारी संस्थाहरूको संघद्वारा अनुगमन कार्य थालनी गर्नुपर्ने देखिन्छ ।

१७.७ संचालित सहकारी रेडियो कार्यक्रम सहकार्यलाई निरन्तरता दिंदै जानुपर्ने देखिन्छ ।

अन्तमा हामीले आ.ब.२०७०/०७१ मा संघको लेखा सुपरिवेक्षण समितिका तर्फबाट आवश्यक अनुगमन निरीक्षण गर्दा प्राप्त भएका कैफियतहरू, सुझावहरू र संघको अग्रगतिका लागि विवेकले भ्याएसम्म प्रयत्न गरेका छौं । यति गर्दा गर्दै पनि कुनै कमि कमजोरी रहेमा सुझाव प्रदान गरी हामीलाई मार्गदर्शन गराउनु हुनेछ भन्ने विश्वास सहित प्रतिवेदन पारित गरीदिनु हुन हार्दिक अनुरोध गर्दछौं । धन्यवाद ।

एच.एन.एण्ड एसोसिएट्स
लेखा व्यवसायी संस्था (ख) वर्ग
दर्ता नं. २१५५ PAN NO.300928620
भोटेचौर–१, सिन्धुपाल्चोक ।
✆ 9841389621 , 4-370777 E–Mail:- hn_associates@hotmail.com

सम्पर्क ठेगाना
घर नं. १४० , आविस्कार गल्ली
का.म.पा.वडा नं. ३ , लोहसाल
बाँसबारी , काठमाडौं ।

## स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन ।

विषय : लेखापरीक्षण प्रतिबेदन सम्बन्धमा ।

श्री शेयर सदस्य संस्थाका प्रतिनिधि महानुभावहरू
भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.
कटुन्जे-८, भक्तपुर

हामीले त्यस संघको २०७१ आषाढ मसान्तको यसै प्रतिवेदनसँग संलग्न वासलात र सोहि मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान तथा नगद प्रवाह विवरणको लेखा परीक्षण सम्पन्न गरेका छौं । वित्तीय विवरणहरूको सम्पूर्ण उत्तरदायित्व संस्थाको व्यवस्थापनमा रहेको छ । ती वित्तीय विवरणहरू उपर लेखापरीक्षणको आधारमा आफ्नो मन्तव्य जारी गर्नु हाम्रो उत्तरदायित्व हो ।

सहकारी ऐन र नियमहरू तथा लेखापरीक्षणसँग सम्बन्धीत नेपाल लेखामान, लेखासँग सम्बन्धित अन्य प्रचलन समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरेका छौं । वित्तीय विवरणहरूमो उल्लेखित रकम र खुलाईएका अन्य विवरणलाई पुष्ट्याई गर्ने प्रमाणहरूको छड्के परीक्षण समेत लेखापरीक्षणमा समावेश हुन्छ । संस्थाले अवलम्बन गरेको लेखा सिद्धान्त, व्यवस्थापनले गरेको महत्वपुर्ण अनुमान एवं वित्तीय विवरण प्रस्तुतिको समग्र स्थितिको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ । लेखापरीक्षणले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

उपरोक्त उल्लेख भएअनुसार त्यस भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.को वितीय विवरणको लेखापरीक्षण गरी निम्न अनुसार प्रतिवेदन पेश गरेका छौ :–

१ लेखापरीक्षणको सिलसिलामा सोधेका कुराहरूको जवाफ र स्पष्टिकरण यथासिघ्र पाईयो ।

२ संलग्न वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्रचलित लेखा सिद्धान्त अनुसार तयार गरीएका छन् । साथै संघका हिसाव किताव सहकारी ऐन नियम तथा प्रचलित कानून बमोजिम राखिएको छ ।

३ सलग्न वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण संस्थाले राखेको हिसाव कितावसंग दुरुस्त रहेको छ ।

४ हामीले जानेबुझ्ेसम्म उपलब्ध गराईएको जानकारी एवं स्पष्टिकरण र लेखापरीक्षणको आधारमा संघको संचालक समिति वा समितिका कुनै पदाधिकारी तथा संस्थाका कुनै कर्मचारीले ऐन कानून विपरित काम गरेको वा संस्थालाई हानी नोक्सानी वा हिनामिना वा सदस्यहरूको हित विपरीत हुने काम कारवाही गरे/गराएको कुरा लेखापरीक्षणको क्रममा हाम्रो जानकारीमा आएन ।

५ हामीले जाने वुझ्ेसम्म तथा हामीलाई उपलब्ध सूचना एवं स्पष्टिकरणको आधारमा संलग्न वासलातले २०७१ आषाढ ३२ गतेको आर्थिक अवस्था, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरणले सोही मितिमा समाप्त भएको आर्थिक वर्षको क्रमशः बचत (नाफा) र नगद प्रवाहको यथार्थ स्थिति चित्रण गर्दछ ।

६ सहकारी मापदण्ड र प्रावधान अनुसार तयार गरीनुपर्ने अनुसूची ४ को विवरण यसै प्रतिवेदनको अभिन्न अंग मानिने गरी संलग्न गरिएको छ ।

बोधार्थ
डिभिजन सहकारी कार्यालय, भक्तपुर

लेखापरीक्षक
होमनाथ शर्मा चौलागाई
एच. एन. एण्ड एशोसियट्स

# भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.

**कटुन्जे-८, भक्तपुर**

## स्थिति बिबरण पत्र (वासलात)

**२०७१ आषाढ मसान्तको**

| सि. नं. | बिबरण | अनुसूची | २०७१ आषाढ मसान्तको रू. | २०७० आषाढ मसान्तको रू. |
|---|---|---|---|---|
| **पूँजी तथा दायित्व** | | | | |
| १ | **पूँजी तथा जगेडा कोष** | | ११,२३१,३७३.०१ | ८,४४९,३७१.९६ |
| | क शेयर पूँजी | १ | ६,३१४,०००.०० | ४,६२६,०००.०० |
| | ख जगेडा तथा अन्य कोष | २ | ४,९१७,३७३.०१ | ३,८२३,३७१.९६ |
| २ | **वाह्य ऋण तथा सापटी हिसाव** | ३ | - | - |
| ३ | **अनुदान तथा सहयोग हिसाव** | ४ | - | - |
| ४ | **बचत तथा निक्षेपहरू** | ५ | २१२,९३२,९६९.७१ | १३७,२१५,८७०.३१ |
| ५ | **चालू दायित्व तथा व्यबस्था** | | - | - |
| | कर दायित्व तथा अन्य रकम | ६ | १,२५५,२६५.८४ | १,२२०,५८७.८९ |
| | अल्पकालिन ऋण | | - | - |
| | व्यबस्थाहरु तथा भुक्तानी गर्नु पर्ने रकम | ८ | ६७,०५०.०० | ४७,६००.७८ |
| | कूल चालु दायित्व रु. | | १,३२२,३१५.८४ | १,२६८,१८८.६७ |
| **कूल रु.** | | | २२५,४८६,६५८.५६ | १४६,९३३,४३०.९४ |
| **सम्पत्ति तथा लगानी** | | | - | - |
| १ | **सम्पत्ति परल लागतमा** | ७ | १,०४७,४०२.०० | ६४१,८८६.०० |
| | कट्टी सञ्चित ह्रास खर्च | | (४९७,५७७.६०) | (३६१,७५५.९७) |
| | **खूद स्थीर सम्पत्ति** | | ५४९,८२४.४० | २८०,१३०.०३ |
| २ | **शेयर लगानी** | ९ | ३१,०००.०० | ३१,०००.०० |
| ३ | **सदस्य ऋण लगानी** | १० | १८,५६३,५८६.०० | २२,४२२,८२६.०० |
| | **कूल रू.** | | १९,१४४,४१०.४० | २२,७३३,९५६.०३ |
| ४ | **अन्य लगानी** | ९ | - | - |
| ५ | **चालु सम्पत्तिहरू** | | - | - |
| | अन्य बचत लगानी | ९ | १०७,१३१,९३७.२३ | ३३,०६५,१८५.३२ |
| | पाउनु पर्ने ब्याज, पेश्की तथा अन्य सम्पत्ति | ११ | २८५,०५५.०० | ३१६,७७९.०० |
| | नगद तथा बैंक मौज्दात | १२ | ९५,३६१,५०२.५४ | ८८,६२५,८१०.२७ |
| | अग्रिम भुक्तानी (कर दाखिला) | १३ | ३,५६३,७५३.३९ | २,१९१,७००.३२ |
| | **कूल कार्यशील पूंजी** | | २०६,३४२,२४८.१६ | १२४,१९९,४७४.९१ |
| ६ | **सञ्चित नोक्सानी** | | - | - |
| | | | - | - |
| **कूल जम्मा रु.** | | | २२५,४८६,६५८.५६ | १४६,९३३,४३०.९४ |

बालकृष्ण धोजू
व्यवस्थापक

कृष्णगोबिन्द लाखाजु
कोषाध्यक्ष

राधेश्याम सुवाल
अध्यक्ष

मिछाने
संयोजक, लेखा समिति

एच. एन. एण्ड एशोसियट्स
लेखापरीक्षक
होमनाथ शर्मा चौलागाई

# भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.

कटुन्जे-८, भक्तपुर

## आय बिबरण (सञ्चालन नतिजा)

### २०७० श्रावण १ देखि २०७१ आषाढ मसान्त सम्मको

| सि. नं. | बिबरण | अनुसूची | २०७०/२०७१ अवधिको रू. | २०६९/२०७० अवधिको रू. |
|---|---|---|---|---|
| १ | व्याज आम्दानी (ऋण लगानी तथा अन्य वित्तीय संघसंस्थाबाट) | १६ | १४,८११,९३०.६९ | १२,५५८,६८०.८० |
| २ | व्याज खर्च (सदस्यहरुको निक्षेप तथा वाह्य सापटी) | १७ | ११,६३९,१५६.०० | ९,६०९,६००.०० |
| | **खुद व्याज आम्दानी** | | **३,१७२,७७४.६९** | **२,९४९,०८०.८०** |
| | अन्य सञ्चालन आम्दानी | १८ | १,५००,६०५.९२ | ८२८,०२०.१९ |
| | **कुल सञ्चालन आम्दानी** | | **४,६७३,३८०.६१** | **३,७७७,१००.९९** |
| ३ | **प्रशासनिक तथा सहकारी कार्यक्रम खर्च** | | | |
| | कर्मचारी खर्च | १९ | ८०८,१९०.०० | ५९८,९३९.०० |
| | प्रशासनिक खर्च | १९ | १,१७९,३९२.६९ | ४६४,९२१.५५ |
| | सहकारी कार्यक्रम खर्च | १९ | ७०५,५१४.३९ | ४४२,३३२.५० |
| | ऋण सुरक्षण कोष व्यबस्था | २० | (३८,५९२.४०) | २७,४७०.५८ |
| | **कूल सञ्चालन खर्च** | | **२,६५४,५०४.६८** | **१,५३३,६६३.६३** |
| | ऱ्हासकट्टी | ७ | १३५,८२१.६३ | ९१,१२०.५६ |
| | **आयकर तथा बोनस व्यबस्था पूर्वको सञ्चालन बचत** | | **१,८८३,०५४.३०** | **२,१५२,३१६.८०** |
| | वोनस व्यवस्था | | - | - |
| ४ | **गत बर्षको नोक्सान हिसाव समायोजन** | | - | - |
| ५ | **आयकर गणना पूर्वको सञ्चालन बचत** | | १,८८३,०५४.३० | २,१५२,३१६.८० |
| | संस्थागत आयकर व्यबस्था | | ३७६,६१०.८६ | ४३०,४६३.३६ |
| | **आयकर व्यबस्था पछिको सञ्चालन बचत** | | १,५०६,४४३.४४ | १,७२१,८५३.४४ |
| | **बांडफांड पूर्वको कुल सञ्चालन बचत** | | १,५०६,४४३.४४ | १,७२१,८५३.४४ |
| | **सञ्चालन बचतको बांडफांड** | | - | - |
| | जगेडा कोष | | ३७६,६१०.८६ | ४३०,४६३.३६ |
| | अन्य कोष | | १,१२९,८३२.५८ | १,२९१,३९०.०८ |
| | **सञ्चालन नोक्सानी वासलातमा सारेको** | | - | - |

बालकृष्ण धोजू
व्यवस्थापक

कृष्णगोविन्द लाखाजु
कोषाध्यक्ष

राधेश्याम सुवाल
अध्यक्ष

श्रीराम लामिछाने
संयोजक, लेखा समिति

एच. एन. एण्ड एशोसियट्स
लेखापरीक्षक
होमनाथ शर्मा चौलागाई

# भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.

### २०७० श्रावण १ देखि २०७१ आषाढ मसान्त सम्मको

## नगद प्रवाह बिबरण

| सि.नं. | | बिबरण | अनुसूची | २०७०/२०७१ को परिवर्तन रू | २०६९/२०७० को परिवर्तन रू |
|---|---|---|---|---|---|
| क | | **कारोबार सञ्चालनबाट नगद प्रवाह** | | १,९८०,२८३.५३ | २,२७०,९०७.९४ |
| | | **नगद प्राप्ती** | | १६,३१२,५३६.६१ | १३,३८६,७००.९९ |
| | १ | ब्याज आम्दानी | १६ | १४,८११,९३०.६९ | १२,५५८,६८०.८० |
| | २ | अन्य आम्दानी | १८ | १,५००,६०५.९२ | ८२८,०२०.१९ |
| | | **नगद भुक्तानी** | | १४,३३२,२५३.०८ | ११,११५,७९३.०५ |
| | १ | ब्याज खर्च | १७ | ११,६३९,१५६.०० | ९,६०९,६००.०० |
| | २ | कर्मचारी खर्च | १९ | ८०८,१९०.०० | ५९८,९३९.०० |
| | ३ | प्रशासनिक खर्च | १९ | १,१७९,३९२.६९ | ४६४,९२१.५५ |
| | ४ | सहकारी कार्यक्रम खर्च | १९ | ७०५,५१४.३९ | ४४२,३३२.५० |
| ख | | **लगानी कारोबारबाट नगद प्रवाह** | | (७१,९५३,३५६.९८) | (३०,३१६,३१९.०६) |
| | १ | बिबिध मौज्दातमा कमी (बृद्धि) | | (७४,०६६,७५१.९१) | (२५,९३५,११८.८३) |
| | २ | कर्जा, सापट तथा ऋण लगानीमा कमी (बृद्धि) | १० | ३,८५९,२४०.०० | (२,७४७,०५८.००) |
| | ३ | मुद्दती निक्षेपमा (बृद्धि) | | - | - |
| | ४ | शेयर तथा अन्य लगानीमा कमी (बृद्धि) | ९ | - | - |
| | ५ | सम्पत्तिमा लगानी कमी (बृद्धि) | ७ | (४०५,५१६.००) | (४७,४५५.००) |
| | ६ | अन्य सम्पत्तिमा लगानीमा कमी (बृद्धि) | ११/१३ | (१,३४०,३२९.०७) | (१,५८६,६८७.२३) |
| ग | | **बित्तीय कारोबारबाट नगद प्रवाह** | | ७६,७०८,७६५.७२ | ५५,१७६,०५७.७९ |
| | १ | निक्षेप तथा बचतमा बृद्धि (कमी) | ५ | ७५,७१७,०९९.४० | ५३,५२०,७७९.१५ |
| | २ | कर दायित्वमा बृद्धि (कमी) | ६ | (३४१,९३२.९१) | ३६६,७०९.३९ |
| | ३ | भुक्तानी दिनुपर्ने दायित्वमा बृद्धि (कमी) | ८ | १९,४४९.२२ | (१५,५००.००) |
| | ४ | शेयर पूजीमा बृद्धि (कमी) | १ | १,६८८,०००.०० | १,०७८,०००.०० |
| | ५ | कोषमा बृद्धि (कमी) | २ | (३७३,८४९.९९) | २२६,०६९.२५ |
| घ | | **यस बर्षको खूद नगद प्रवाहमा बृद्धि/घटी** | | ६,७३५,६९२.२७ | २७,१३०,६४६.६७ |
| ङ | | **गत बर्षको नगद तथा बैंक मौज्दात** | | ८८,६२५,८१०.२७ | ६१,४९५,१६३.६० |
| च | | **यस बर्षको नगद तथा बैंक मौज्दात** | | ९५,३६१,५०२.५४ | ८८,६२५,८१०.२७ |
| | | | | | |

बालकृष्ण धोजू
व्यवस्थापक

कृष्णगोबिन्द लाखाजु
